## ५५ औं कार्यपालिका निर्णयहरु (मिति २०८२।०३।३०)

**प्रस्ताव नं. १ करार कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उप दफा २ को खण्ड (क) को उप खण्ड १,२ र खण्ड (ङ) को उप खण्ड १,२,३,४,५,६,७ को व्यवस्था अनुसार नेपाल सरकारले स्थानीय तहको लागि स्वीकृत दरवन्दी तेरिज अनुसार ५४ जना रहेकोमा यस नगरपालिकाको २०८१ मा पारित संगठन तथा व्यवस्थापन O&M प्रतिवेदनमा २८५ जना दरवन्दी कायम भएको हुँदा हाल सम्म यस कार्यालयमा करार तथा ज्यालादारीमा कार्यरत सवै कर्मचारीहरु यस कार्यालयको संगठन तथा व्यवस्थापन O&M प्रतिवेदन, २०८१ मा दरवन्दी स्वीकृत भै सोही दरवन्दीमा कार्यरत रहेकोमा सुदुरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५ को उप दफा ३ मा करार तथा ज्यालादारीमा कर्मचारी मन्त्रालयको अनिवार्य सहमतिमा राख्न पाईने व्यवस्था भएको सन्दर्भमा ज्यालादारी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप नभएमा यस कार्यालयवाट दैनिक रुपमा प्रदान गरिने सेवा प्रवाहमा समस्या उत्पन्न हुने भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उप दफा २ को खण्ड (क) उप खण्ड १,२ र खण्ड (ङ) को उप खण्ड १,२,३,४,५,६,७ को व्यवस्था अनुसार यस कार्यालयको संगठन तथा व्यवस्थापन O&M प्रतिवेदन, २०८१ र करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप गरी सहमतिका लागी श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सुदुरपश्चिम प्रदेश सरकार, धनगढी, कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ बाटो/ड्याम मर्मत सम्बन्धमा ।**

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा यस टीकापुर नगरपालिकाको तपसिलको क्षेत्रमा वर्षातको कारणले बाटो आवत जावतमा समस्या भई दुर्घटना हुने संभावना भएकोले तपसिलको स्थानमा बाटो/ड्याम मर्मत गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | विनियोजित रकम | श्रोत/शिर्षक |
|---|---|---|---|---|
| १. | टीकापुर नगरपालिका वडा नं. ९ खक्रौला नन्द बहादुर मल्लको घरदेखि मोहना नदीको किनार सम्म लगभग ५० मिटर बाटो खाल्डाखुल्डी मर्मत | टी.न.पा.-९ | १,००,०००।० | विपद व्यवस्थापन कोष |
| २. | टी.न.पा.८ बनगाउँ धर्म चौधरीको घर देखि टेबधरा वि.क.को घर सम्म झाडी सफाई कार्य | टी.न.पा.८ | २०,०००।० | विपद व्यवस्थापन कोष |
| ३. | टी.न.पा.८ बनगाउँ धर्म चौधरीको घर देखि टेबधरा वि.क.को घर सम्म र खक्रैला पुल पारी | टी.न.पा.८ | १,००,०००।० | विपद व्यवस्थापन कोष |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | भारतको सिमाना सम्म बाढीले भत्काएको बाटो/इयाम ग्राभेल | | | |
| ४. | टीकापुर नगरपालिका स्थानीय आपतकालिन कार्य संचालन केन्द्र जाने बाटो, मानवमलमुत्र प्रशोधन केन्द्र जाने वाटो ग्राभेल कार्य | टी.न.पा.१ | १,००,०००।० | विपद व्यवस्थापन कोष |
| ५. | मुनुवा जाने खाध्य गोदाम रोड ग्राभेल | टी.न.पा.१ | ३,००,०००।० | विपद व्यवस्थापन कोष |
| ६ | टीकापुर-१ स्थित शक्तिनगर शिविर जाने वाटोका वर्षाका कारण भएका खाल्टा खुल्टीमा ग्राभेलिङ्ग गर्ने | टी.न.पा.१ | ५०,०००।० | विपद व्यवस्थापन कोष |
| | जम्मा | | ६७०००००।० | |

**प्रस्ताव नं.३ स्थानी विदा सम्बन्धमा ।**

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा यस वर्ष थारु समुदायले मनाउने गुरही (गरिया) पर्व तथा नागपञ्चमिको अवसरमा मिति २०८२।०४।१३ गते टीकापुर नगरपालिका क्षेत्रमा सार्वजनिक विदा निर्णय गरियो ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख